राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्या: ०१-०७९/०८०

मिति: २०७९/०४/१९ गते विहिवार
समय: विहान ११:०० बजे

निर्णय नं. १:
गत विगतका बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने।

निर्णय नं. २:
चालु आर्थिक वर्षका निमित्त सेवा र कार्यहरुका लागि खर्च गर्न गाउँ सभाले विनियोजन गरेको बजेट तथा स्वीकृत गरेको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न *राक्सिरांग गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९* स्वीकृत गर्ने।

निर्णय नं. ३:
राक्सिराङ्ग गाउँपालिका बाट संचालन र सम्पादन हुने योजना आयोजना तथा कृयाकलापहरुलाई मीतव्ययी तवरबाट सम्पादन गर्ने कार्यको लागि प्राविधिक समितिबाट पेश हुन आएको आ.व. २०७९/०८० को बार्षिक दररेट तथा दर विश्लेषण स्वीकृत गर्ने।

निर्णय नं. ४:
राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रको भुमिगत वा भु-सतहमा रहेको जलश्रोतको समुचित उपयोग संरक्षण, व्यवस्थापन र विकास एवं त्यस्तो उपयोगवाट हुने वातावरणीय कानुनी व्यवस्था गर्न *"राक्सिराङ्ग गाउँपालिका जलश्रोत उपयोग कार्यविधि २०७९"* स्वीकृत गर्ने।

निर्णय नं. ५:
प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश, जावलाखेल, ललितपुरको प.सं. ०७९/८० च.नं. १२ मिति २०७९/०४/०४ को प्राप्त पत्रानुसार लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) रणनीतिलाई अन्तिम रुप दिई पारित गर्नु पर्ने भएकोले लैससास रणनीतिलाई अझ प्रभावकारी ढंगले मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्नका लागि *राक्सिरांग गाउँपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) रणनीति* स्वीकृत गर्ने।

निर्णय नं. ६:
यस गाउँपालिकामा गत विगत बर्षमा दर्ता कायम रहेका टोल विकास संस्था, कृषि समूह, कृषि फर्महरु जस्ता संस्थाहरु २०७९ असोज मसान्तसम्म नविकरण तथा पुनर्गठन गर्न सूचना प्रकाशित गर्ने र सो अवधिभित्र नवीकरण गर्न नआएमा त्यस्ता संस्थाहरु स्वत: खारेजीको प्रकृयामा जान कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ७:
क) राक्सिराङ्ग गाउँपालिका अन्तर्गत रहेको राक्सिराङ्ग आधारभूत अस्पतालमा नेपाल सरकारद्धारा लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने सम्बन्धमा २४ सै घण्टा सेवा उपलब्ध गराउने गरी यसै आ.व बाट सशुल्क फार्मेसी संचालन गर्ने।

ख) राक्सिराङ्ग आधारभूत अस्पतालको स्वीकृत अस्थायी दरबन्दी तेरिज बमोजिमका कर्मचारीहरु व्यवस्थापन भई कार्यरत रहेको विषयमा सम्बन्धित निकायमा सिफारिस सहित जानकारी गराउने।

निर्णय नं. ८

विविध:

क) तपसिलमा उल्लेखित करार सेवामा कार्यरत जनशक्तिको करार अवधि २०७९ श्रावण ०१ बाट समाप्त भएकोले निजहरुको करार सेवा म्याद समाप्त भएको मितिबाट २०७९ पुस मसान्त सम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपसिल:

| सि.नं. | करार कर्मचारीको नाम | पद | तह/श्रेणी | कार्यरत स्थल |
|---|---|---|---|---|
| १ | श्री अञ्जन हटुवाल | सूचना प्रविधि अधिकृत | अधिकृत छैठौं | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २ | श्री रेम्बो प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३ | श्री ईलिना चेपाङ | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४ | श्री बिन्दुमायाँ प्रजा | हेरालु | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ५ | श्री देउमायाँ प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ६ | श्री झम्क ब. अर्याल | अ.स.ई. | सहायक चौथो | वडा कार्यालय, वडा नं. ४ र ९ |
| ७ | श्री पान बहादुर तितुङ | अ.स.ई. | सहायक चौथो | वडा कार्यालय, वडा नं. ५ र ८ |
| ८ | श्री विनोद कुमार थिङ | कार्यालय सहयोगी | | वडा कार्यालय वडा नं. ६ (काँकडा) |
| ९ | श्री मदन मुक्तान | सह-लेखापाल | सहायक चौथो | वडा कार्यालय वडा नं. ४ (राक्सिराङ्ग) |
| १० | श्री प्रदिप कुमार थिङ्ग | कार्यालय सहयोगी | | ९ नं. वडा कार्यालय |
| ११ | श्री तीर्थ मुक्तान | कार्यालय सहयोगी | | ५ न.. वडा कार्यालय |
| १२ | श्री राजकुमार थिङ्ग | कार्यालय सहयोगी | | ४ नं. वडा कार्यालय |
| १३ | श्री सुन्तली तामाङ्ग | कार्यालय सहयोगी | | ३ नं. वडा कार्यालय |
| १४ | श्री सिमन प्रजा | कार्यालय सहयोगी | | ८ नं. वडा कार्यालय |
| १५ | श्री बुद्धिराम वाईवा | कार्यालय सहयोगी | | २ नं. वडा कार्यालय |
| १६ | श्री राजेश प्रजा | कार्यालय सहयोगी | | ७ नं. वडा कार्यालय |
| १७ | श्री धन ब. थापा मगर | हलुका सवारी चालक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| १८ | श्री सुरज मल्ल ठकुरी | हेभी सवारी चालक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| १९ | श्री दिनेश घिसिङ | हलुका सवारी चालक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २० | श्री गोविन्द विश्वकर्मा | रोजगार संयोजक | अधिकृत छैठौं | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| २१ | श्री सुवि मुक्तान | विद्यालय नर्स | सहायक पाचौं | सुर्योदय मा.वि. पलासैं |
| २२ | श्री सरिता थापा | फिल्ड सहायक | | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| २३ | श्री सिङ्गराम मुक्तान | फिल्ड सहायक | | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| २४ | श्री विनोद पराजुली | प्राविधिक सहायक | सहायक पाँचौ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| २५ | श्री श्यामलाल रुम्बा | कार्यालय सहयोगी | | १ नं. वडा कार्यालय, गौदान, दुङ्गु |
| २६ | श्री विवेक थिङ | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| २७ | श्री मान सिं घलान | लघु उद्यम सहयोगी | सहायक चौथो | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| २८ | श्री सावित्री मुक्तान | लघु उद्यम सहयोगी | सहायक चौथो | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| २९ | श्री ममता सापकोटा | विद्यालय नर्स | सहायक पाचौं | कालिका मा.वि., राक्सिराङ्ग-९, अठारे |
| ३० | श्री रामलाल स्याङ्तान | सहायक अपरेटर | | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| ३१ | श्री धर्मराज वली | अमिन | सहायक चौथो | |

ख) उल्लेखित सूचीमा संलग्न रहेका कर्मचारीहरु बाहेक २०७९ असार मसान्तसम्म यस कार्यालयमा कार्यरत कर्मचारीहरुको म्याद थप नहुने ।

ग) स्वास्थ्य इकाइ भवन निर्माण राक्सिरांग ७ को निर्माण कार्यको योजनाको सम्पन्न गर्ने म्यादलाई २०७९ मंसीर मसान्त सम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |

| | | | |
|---|---|---|---|
| (सिङ्लाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |